त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

# धनकुटा बहुमुखी क्याम्पस, धनकुटा
# DHANKUTA MULTIPLE CAMPUS, DHANKUTA

(प्रशासन शाखा)

पत्र संख्या :०८०/०८१ *क्याम्पस प्रमुखको कार्यालय*

**मिति: २०८०/०९/०८**

**पूर्णकालिन शिक्षकको आवश्यक्ता सम्बन्धी सूचना ।**

प्रस्तुत सम्बन्धमा त्रि.बि. रजिष्ट्रारको कार्यालय कर्मचारी प्रशासन महाशाखाको मिति २०८०/०८/२८ च.नं. ३३६२ अनुसार कम्तीमा एक शैक्षिक सत्र पूर्ण कक्षाभार लिएका आंशिक शिक्षकहरु मध्येबाट क्याम्पसको आन्तरिक स्रोत र त्रि.वि. केन्द्रीय कार्यालय स्रोतका आधारमा करारनामापत्रमा उल्लेख भए अनुसार सेवा सुविधा हुने गरी यस धनकुटा बहुमुखी क्याम्पसलाई आवश्यक निम्न विषयहरुमा तपसिल बमोजिमको न्यूनतम योग्यता पुगेका कार्यरत आंशिक शिक्षकलाई तोकिएको समय भित्र यस क्याम्पसको प्रशासन शाखामा आईपुग्ने गरी आवश्यक प्रक्रिया पुऱ्याई दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. विज्ञापन नं. २/०८०/०८१
२. आवश्यक पद संख्या : शिक्षक -१ (एक जना )
३. समूह : प्राध्यापन
४. विज्ञापन प्रकाशन भएको मिति : २०८०/०९/०८ गते
५. सम्पर्क मिति : आवेदन म्याद समाप्त भएको मिति ।
६. अन्तरवार्ता मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
७. विषय : **गणित शिक्षा**
८. तलब तथा अन्य सुविधा : क्याम्पस कार्यसमितिको निर्णय अनुसार (करारनामा पत्र अनुसार)
९ आवेदन दिने अन्तिम मिति :२०८०/०९/१५ गतेसम्म (उक्तदिन सार्वजनिक विदा पर्न गएमा प्रचलित नियमानुसार हुने)
१०. छनौटको आधार : अन्तरवार्ता तथा आवश्यकता अनुसार कक्षा अवलोकन ।
११. आवेदन दस्तुर : रु.१५०० मात्र ।
१२. आवश्यक न्यूनतम शैक्षिक योग्यता: त्रि.वि.वा मान्यताप्राप्त शैक्षिक संस्थाबाट तोकिएका विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उतीर्ण ।
१३.आवेदन साथ संलग्नहुनु पर्ने कागजातहरू :

क) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ख) प्रवेशिका परीक्षा प्रमाणपत्रदेखिका शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
ग) पासपोर्ट साइजको फोटो २ (दुई) प्रति घ) व्यक्तिगत वायो डाटा ५ (पाँच) प्रति
घ) आफु कुनै पनि सरकारी, गैरसरकारी र निजी संस्थामा पूर्णकालीन र आंशिककालीन रुपमा संलग्न नरहेको स्वघोषणा पत्र
ङ) प्रकाशित कृतिहरू प्रकाशन भएको भए (विज्ञापन प्रकाशित हुनु भन्दा अगाडी प्रकाशित भई सकेको सम्वन्धित विषयको पाठ्यपुस्तक सन्दर्भ सामग्री, विषयगत अनुसन्धानात्मक लेख, विषयगत साधारण लेखहरू आदि) उम्मेदवारले आवदेन साथ पेश गर्नु पर्ने छ ।

१४. म्याद नाघी आएको वा रित नपुगी आएको आवेदन उपर कुनै कार्वाही हुने छैन ।
१५. आवेदन फारम रु.१०० तिरी यस क्याम्पसको लेखा शाखाबाट प्राप्त गर्न सकिने छ ।

***पुनश्च :*** *विज्ञापनसंग सम्बन्धित अन्य कुनै थप जानकारी लिनु परेमा कार्यालय समय भित्र क्याम्पस प्रशासनमा सम्पर्क गर्न सकिने छ ।*

.......................
(होमबहादुर बस्नेत)
क्याम्पस प्रमुख

फोन नं.:विज्ञान-०२६-५२२२३८,शिक्षा/मानविकी-५२२२३९, परीक्षा-५२३३८९,क्या.प्र.-५२२२९८,प्रशासन-५२२३११Email:dktcampus@gmail.com